# सुदूरपश्चिम विश्वविद्यालय
# मानविकी तथा सामाजिकशास्त्र संकाय
# डीनको कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

प.सं.२०८०/०८१

च.नं.

मिति: २०८०/०७/१५

**एम.फिल./पीएच.डी. कार्यक्रमको छात्रवृत्ति सम्वन्धी सूचना ।**

उपरोक्त विषय सम्बन्धमा मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत शैक्षिक सत्र २०८०/०८१ (ई.सं.२०२३) मा विद्यावारिधि उन्मुख दर्शनाचार्य कार्यक्रममा भर्ना भई प्रथम सेमेस्टरको नियमित परीक्षामा सम्मिलित भएका शोधार्थीहरुलाई प्रवेश परीक्षाको उत्कृष्टताका आधारमा प्रथम सेमेस्टर र प्रथम सेमेस्टरको सत्रान्त परीक्षाको उत्कृष्टताका आधारमा दोस्रो सेमेस्टरमा खुला तर्फ १ जना र विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरु मध्येबाट १ जना गरी प्रत्येक विषयमा २ जना शोधार्थीहरुलाई छात्रवृत्ति (शिक्षण शुल्क निशुल्क) प्रदान गर्ने निर्णय भएकाले उक्त छात्रवृत्ति प्राप्त गर्न ईच्छुक शोधार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित सम्बन्धित डीन कार्यालयमा वा देहायको ईमेल मार्फत निवेदन पेश गर्न हुन जानकारी गरिन्छ ।

आवश्यक कागजात:

१. सुदूरपश्चिम विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि सो तहमा भर्ना हुनु पूर्व विश्वविद्यालय सेवामा स्थायी, अस्थायी वा पूर्णकालीन करार सेवामा रहेको सम्वन्धित निकायको पत्र ।

२. स्नातक र स्नातकोत्तर तहको ट्रान्सक्रिप्टको प्रतिलिपि ।

३. सुदूरपश्चिम विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले स्टाफ कोटामा र अन्य शोधार्थीहरुले खुल्ला कोटामा मात्र निवेदन पेश गर्न पाउनेछन् र प्रत्येक सेमेस्टरको लागि अलग निवेदन पेश गर्नु पर्ने छ ।

निवेदन पठाउने ईमेल ठेगाना: **bishnu@fwu.edu.np**

विष्णु प्रसाद भट्ट
सहायक प्रशासक

नोट: शिक्षाशास्त्र संकाय र मानविकी तथा सामाजिकशास्त्र संकायद्वारा संयुक्त रुपमा (एउटै प्रश्नपत्रबाट) प्रवेश परीक्षा सञ्चालन गरी संयुक्त रुपमा अध्ययन अध्यापन गरिएका विषयमा छात्रवृत्ति पनि संयुक्त रुपमा नै उपलब्ध गराइने छ ।